# छोरीको बिहे प्रसङ्गः वनसँग सम्बन्ध

■ **विजयराज न्यौपाने**

सुन सुन छोरीको सबाई, छोरी दिंदा कहाँ हुन्छ भलाइ
पहिले हेर्थे जेथा जमिन छोरी दिनलाई
हिजोआज सुन्छु आमा ग्रामीण महिलालाई
वरदान भएको छ सामुदायिक वन
त्यस्तै ठाउँमा देऊ मलाई नदिए नि धन
सुन-सुन छोरीको गीतलाई, सामुदायिक वन हेर दिनलाई
एक खेप पानी ल्याउदा एक घण्टा जाने
एक भारी घाँस ल्याउदा एक दिन जाने
नहेर है रुखो ठाउँ रुख नभएको
जहाँ हुन्छ दुःख सधैं कोहीले नपाएको
जहाँ रुख त्यहीँ हुन्छ सुख, रुख नहुँदा गरिबी र दुःख
सामुदायिक वन भए पशुपालन हुन्छ
गोबर भए खेती पनि दोबर हुन सक्छ
गोबर ग्याँस चलाएर नयाँ दीप बल्छ
डेरी उद्योग खुलाएर नयाँ सीप बढ्छ
सामुदायिक वन हो विकास, छोरी देऊ त्यसैको आसपास
फुर्सदमा तरकारी खेती गर्न सक्छौं
जडीबुटी, कागजका उद्योग खोल्न सक्छौं
डालेघाँस दाउरा-पात सबै सुविधाले
जीवन भर सुख मिल्छ सामुदायिक वनले
छोरी दिए त्यस्तै ठाउँ हेरेर, किन रुन्थ्यौं माइतैमा आएर
सामुदायिक वनबाट आयआर्जन बढ्छ
दुईचार पैसा मुख देख्न सधैं सघाउँछ
बढाउँछ प्याओ-पात महिला बचत कोष
त्यसैले त त्यस्तै ठाउँ दिन राख होस
छोरी दिंदा गर है हिसाब, कहाँ दिंदा हुन्छ है निसाफ
जहाँ हुन्छ हराभरा मान्छे मोटाघाटा
बन्दै जान्छन् खुल्दै जान्छन् नयाँ बाटाघाटा
विकासको नयाँ रङ्ग ओठमाथि चढ्छ
त्यस्तै ठाउँ छोरी दिन सम्झी राख्नु पर्छ
जहाँ वन त्यहाँ छोरी दिन, सम्झी राखे बा-आमा दिन्दिन
वन हाम्रो सम्पदा हो जोगाउनु पर्छ
वन हाम्रो दाइजो हो दिलाउनु पर्छ
गरिबीलाई घटाउने आय बढाउने
वन नै हो दिगो धन हामीलाई उठाउने
साम्दायिक वनको आधार, छोरी दिंदा गर है बिचार ।

(विजयराज न्यौपाने शिक्षक हुनुहुन्छ ।)